आज मिति २०७५ साल असोज २५ गते बिहिबारका दिन यस तीनपाटन गाउँपालिकाका अध्यक्ष श्री कर्ण बहादुर मगरको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको नियमित बैठकले तपशीलका प्रस्ताव माथि छलफल गरियो ।

## उपस्थिती

श्री कर्ण बहादुर मगर - तीनपाटन गाउँपालिका अध्यक्ष

श्री पदममाया तामाङ - उपाध्यक्ष/गाउँ सभा सदस्य

श्री राजन थापा- प्रमुख प्रशासकीय अधिकृत

श्री गोविन्द राउत - गाउँ सभा सदस्य

श्री हेम बहादुर श्रेष्ठ - गाउँ सभा सदस्य

श्री लाल बहादुर स्याङतान - गाउँ सभा सदस्य

श्री खडग बहादुर भुजेल - गाउँ सभा सदस्य

श्री दिनेश कुमार रमौली - गाउँ सभा सदस्य

श्री बीर बहादुर पुलामी - गाउँ सभा सदस्य

श्री कोमल बहादुर खपाङ्गी - गाउँ सभा सदस्य

श्री रेखराज अधिकारी - गाउँ सभा सदस्य

श्री शेर बहादुर मगर - गाउँ सभा सदस्य

श्री पुण्यहरि भुजेल - गाउँ सभा सदस्य

श्री हितलाल श्रेष्ठ - गाउँ सभा सदस्य

श्री दुध कुमारी ठकुरी - गाउँ सभा सदस्य

श्री जगदिश्वर तोलाँङ्गी - गाउँ सभा सदस्य

श्री गीतामाया थापा - गाउँ सभा सदस्य

श्री देबमाया श्रेष्ठ - गाउँ सभा सदस्य

श्री भगवती श्रेष्ठ - गाउँ सभा सदस्य

श्री टेक बहादुर परियार - गाउँ सभा सदस्य

श्री हरिबहादुर खपाङ्गी- लेखा अधिकृत

श्री झिल्लीबहादुर खड्का- नायब सुब्बा

श्री तारानाथ अधिकारी- कार्यालय सहयोगी

श्री चन्द्रिका थापा मगर- कार्यालय सहयोगी

**प्रस्तावहरुः**

१. म्याचिङ फण्डको रकम सम्झौता अनुसार भुक्तानी गर्ने सम्बन्धमा ।

२. अनुगमन समितिको पदपुर्ति सम्बन्धमा ।

३. कर्मचारीलाई प्रोत्साहन बापत थप सुविधा सम्बन्धमा ।

४. गत आ.व. २०७४/०७५ को फिर्ता चेक सम्बन्धमा ।

५. न्यायिक समितिका सदस्यहरुको सुविधा सम्बन्धमा ।

६. स्वास्थ्यसँग सम्बन्धित विविध विषय सम्बन्धमा ।

७. तीनपाटन गाउँपालिकाको सहकारी नियमावली, २०७५ सम्बन्धमा ।

**निर्णयहरुः**

प्रस्ताव नं. १ माथि छलफल गर्दा, यस गाउँपालिकाको विभिन्न वडाहरुमा विभिन्न संस्थाहरुसँग सम्झौता भई म्याचिङ फण्डको रकम भुक्तानीका लागि पेश भएकोमा आवश्यक कागजात पूरा गरी प्रचलित कानूनको अधिनमा भुक्तानीको प्रक्रिया अघि बढाउन गाउँ कार्यपालिका कार्यालयलाई आदेश दिने निर्णय गरियो ।

प्रस्ताव नं. २ माथि छलफल गर्दा, तीनपाटन गाउँपालिकाको आयोजना सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ३, कार्यविधि १६ र नियम १ बमोजिमको (घ) गाउँ कार्यपालिकाले तोकेको वडा अध्यक्षहरु बाहेकको एक जना कार्यपालिका सदस्य मनोनयन गर्नुपर्ने व्यवस्था भएकोमा सो सदस्यको लागि यस गाउँपालिकाका कार्यपालिका सदस्य श्री टेकबहादुर परियारलाई मनोनयन गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ३ माथि छलफल गर्दा, यस तीनपाटन गाउँपालिका अर्न्तगत कार्यरत रहेका कर्मचारीको मनोबल उच्च राख्दै गाउँपालिकाको कार्यलाई गति प्रदान गर्ने उद्देश्यले चालु आ.व. २०७५/०७६ मा

रु. ४० लाख रकमलाई आन्तरिक आम्दानीको सीमा मान्दै सो भन्दा माथि उठेको रकमलाई १५ देखि ५० प्रतिशतबाट ननाघ्ने गरी कर्मचारी प्रोत्साहन भत्ता व्यवस्थापन गर्ने जिम्मा यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई अख्तियार दिने निर्णय गरियो ।

प्रस्ताव नं. ४ माथि छलफल गर्दा, यस गाउँपालिकाबाट गत आ.व. २०७४/०७५ मा राहत रकमका लागि जारी भएका चेकहरु विभिन्न कारण फिर्ता भएको तथा तत्कालिन समयमा विपद् समितिबाट निर्णय भएको तर चेकको अभावमा चेक जारी गर्न नसकिएकोमा, जारी भएको चेकलाई यस गाउँपालिकाको सञ्चित कोष खातामा आम्दानीमा बाँध्ने र पुनः सो चेकमा उल्लेख भए बमोजिमका रकमहरु पिडितहरुका नाममा जारी गर्ने तथा निर्णय भई चेक जारी गर्न नसकिएका व्यक्तिका नाममा आवश्यक कागजात लिई चालु आ.व. २०७५/०७६ मा चेक जारी गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५ माथि छलफल गर्दा, यस तीनपाटन गाउँपालिकाको न्यायिक समितिका २ जना सदस्य र गाउँ कार्यपालिकाको ६ जना गरी कुल ८ जना जनप्रतिनिधिहरुलाई ३ नं. प्रदेश सरकारले गरेको कानूनी व्यवस्था बाहेक यस गाउँपालिकाको आन्तरिक श्रोतबाट रु ५०००/- र ४०००/- थप जम्मा रु. १०,०००/- बाट ननाघ्ने गरी न्यायिक समितिका सदस्य (संयोजक बाहेक) र गाउँ कार्यपालिका सदस्य (गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र वडा अध्यक्ष बाहेक) लाई थप सेवा सुविधाको व्यवस्था गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६ माथि छलफल गर्दा, यस गाउँपालिकाको स्वास्थ्य शाखाको प्रस्ताव अनुसार देहायका निर्णयहरु गरियो:

- प्राथमिक स्वास्थ्य केन्द्र लाम्पनटार र प्राथमिक स्वास्थ्य केन्द्र बेलघारीमा फार्मेसी सञ्चालनका लागि तीनपाटन गाउँपालिकाको स्वास्थ्य केन्द्रमा फार्मेसी सञ्चालन नियमावली बनाई उल्लेखित प्राथमिक स्वास्थ्य केन्द्रहरुलाई रु.३ लाख रकम आन्तरिक श्रोतबाट व्यवस्था गरी फार्मेसी सञ्चालन गर्न दिने निर्णय गरियो ।
- केयर नेपाल नामक गैर-सरकारी संस्थाले यस गाउँपालिकाको विजयपुर स्वास्थ्य चौकीको मर्मत तथा आवश्यक औजार सहित फर्निचर व्यवस्थापन तथा वडा नं. १, २, ३, ४, ५, ६, ७, १० र ११ को महिला स्वास्थ्य स्वयम् सेविकालाई तालिमको व्यवस्था गर्ने प्रस्तावलाई स्वीकार गर्ने निर्णय गरियो ।
- प्राथमिक स्वास्थ्य केन्द्र बेलघारी र प्राथमिक स्वास्थ्य केन्द्र लाम्पनटार प्रसुति केन्द्रमा कार्यरत दुई/दुई जना कर्मचारीलाई रात्री सेवाकालिन सेवा भत्ता उपलब्ध गराउन ३ नं. प्रदेश सरकारको अनुदान शीर्षक, सशर्त अनुदान २६३३२ स्वास्थ्य सेवा प्रवर्द्धन तर्फ स्थानीय तहमा भएका स्वास्थ्य संस्थाको सुशासन अभिवृद्धि तथा सुदृढीकरण कार्यक्रम (चालु) खर्चबाट रु. १ लाख छुट्याउने निर्णय गरियो ।
- नेपाल सरकारको स्वास्थ्य सेवा तर्फ सशर्त अनुदानको बाह्य खोप क्लिनिक निर्माणका लागि रु ६ लाख रकम विनियोजन भएकोमा सो खोप केन्द्र वडा नं. ३, ८ र ९ मा निर्माणका लागि प्रति वडा क्रमशः रु. २ लाख व्यवस्थापन गर्ने निर्णय गरियो ।
- प्राथमिक स्वास्थ्य केन्द्र लाम्पनटार र बेलघारीलाई अस्पतालमा अक्सिजन व्यवस्था गर्न रु. ५० हजार बराबरको अक्सिजन सहितको सिलिण्डर खरिद गरी उपलब्ध गराउन स्वास्थ्य शाखालाई आदेश दिने निर्णय गरियो ।

- यस गाउँपालिकाले गत आ.व. २०७५/०७६ मा वडा तर्फ विनियोजित गरिएको बजेटमा सुत्केरी महिलालाई भत्ताको व्यवस्था गरिएकोमा सो भत्ता वितरणलाई तत्काल उपलब्ध गराउन यस गाउँपालिकाको स्वास्थ्य शाखालाई सम्बन्धित वडा कार्यालयसँग आवश्यक समन्वय गरी सो प्रक्रिया अघि बढाउन निर्देशन दिने निर्णय गरियो ।
- यस गाउँपालिकाले प्राथमिक स्वास्थ्य केन्द्र बेलघारी र रेडक्रस सोसाईटी उपशाखा लाम्पनटारलाई १/१ थान एम्बुलेन्स खरिद गरी सञ्चालन गर्न दिईएकोमा सो एम्बुलेन्सबाट यस गाउँपालिका भरीका सुत्केरी महिलालाई लाभ पुगोस् भन्ने हेतुका साथ गाउँपालिका भरी र जिल्ला सदरमुकामसम्मको सेवा उपभोगका क्रममा ५० प्रतिशत छुट दिने निर्णय गरियो ।
- विपद् कोष अर्न्तगत यस गाउँपालिका भित्र प्राकृतिक प्रकोपका कारण पिडित जनतालाई राहत स्वरुप दिन व्यवस्थापन गरिएको कोषको तत्काल र छिटो वितरणका लागि प्रत्येक वडा कार्यालयलाई रु. ५० हजार रकम पेश्की स्वरुप दिने निर्णय गरियो । यसरी उपलब्ध गराईको पेश्की रकमको पेश्की फछ्र्योट गर्ने क्रममा वडा कार्यालयले सम्बन्धित वडा कार्यालयको सिफारिस, सम्बन्धित प्रहरी चौकीले तयार पारेको मुचुल्का, क्षतिको स्पष्ट विवरण खुल्ने तस्विरहरु, पिडितको स्पष्ट विवरण खुलेको निवेदन र पिडितले राहत रकम बुझेको भरपाई संलग्न गरी विलम्व नगरी पेश गर्नुपर्नेछ भन्ने निर्णय गरियो ।

प्रस्ताव नं. ७ माथि छलफल गर्दा, तीनपाटन गाउँपालिकाको सहकारी ऐन, २०७४ को अधिनमा रही सो ऐनको कार्यान्वयन गर्न तीनपाटन गाउँपालिकाको सहकारी नियमावली, २०७५ उपस्थित जनप्रतिनिहरुको सर्वसम्मतले पारित गरियो ।